नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)
फोन नं.: ४५३४११९, ४५११५३७, ४५११९५०१, ४५३१३६२
फ्याकसः ४५३१९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः- २०८१/०८२(अनुमतिपत्र)
चलनी नं.:- २९४

मितिः २०८१/५/१४

विषय : अनुमतिपत्रको शर्त उल्लङ्घन बारे ।

श्री भैरवकुण्ड हाइड्रोपावर लिमिटेड,
कमलपोखरी, काठमाडौं ३१, (रसियन कल्चर सेण्टर भवनको भुईं तल्ला कोठा नं. १०८) ।
फोन नं. : ४४२०१०८, ४४१८१३९ इमेल : bhairabkund@gmail.com

श्री सानिमा बैंक लि., नक्साल, काठमाडौं,
पो.ब.नं. : २०३९४ फोन नं. : ५९७००३३, ४४२८९६९
सम्पर्क मोवाइल नं. : ९८५१०१९४४९, ९८४१५२६६५८, इमेल : sanima@sanimabank.com

श्री ब्राइट पावर कम्पनी प्रा.लि., नक्साल, काठमाडौं,
सम्पर्क मोवाइल नं. : ९८५११३९९२१, इमेल : brightpowerltd22@gmail.com

प्रस्तुत विषयमा सिन्धुपाल्चोक जिल्लामा अवस्थित भैरवकुण्ड खोलामा मिति २०६६/५/१९ देखि २१०१/५/१८ सम्म ३५ बर्ष अवधि रहने गरी भैरवकुण्ड खोला साना जलविद्युत आयोजना (३ मेगावाट)को विद्युत उत्पादनको अनुमतिपत्र (वि.उ.३०) त्यस भैरवकुण्ड हाइड्रोपावर लि.का नाउंमा जारी भएको थियो । उक्त अनुमतिपत्र अनुसारको आयोजनाको मिति २०७१/२/२२ मा COD भई सञ्चालित रहेकामा त्यस भैरवकुण्ड हाइड्रोपावर लि.सँग वित्तिय व्यवस्थापन गरेको वित्तिय संस्था सानिमा बैंक लि. बाट कर्जा सम्झौता अनुसार कर्जा नियमित नभए पश्चात लिलामी प्रक्रिया अवलम्बन गर्दा शिलबन्दी बोलपत्र अनुसार कर्जाको सुरक्षण स्वरूप धितोमा रहेको सम्पत्ति दाखिला खारेज भइसकेको व्यहोरा जनाउँदै उक्त भैरवकुण्ड खोला साना जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र (वि.उ.३०) को स्वामित्व परिवर्तन गरी ब्राइट पावर कम्पनी प्रा.लि.का नाउँमा कायम गराई पाउन मिति २०८१/२/३० द.नं. ७०७९ बाट यस विभाग समक्ष निवेदन पेश हुन आएको छ । त्यसै गरी भैरवकुण्ड हाइड्रोपावर लि.का नाउंमा रहेको भैरवकुण्ड खोला साना जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र लगायतका कागजातहरू ब्राइट पावर कम्पनी प्रा.लि.का नाउँमा कायम गराई पाउन ब्राइट पावर कम्पनी प्रा.लि.का तर्फबाट समेत मिति २०८१/३/११ द.नं. ७३९९ बाट यस विभाग समक्ष निवेदन पेश हुन आएको छ ।

उक्त निवेदनहरू माथि कारवाही हुंदा भैरवकुण्ड खोला साना जलविद्युत आयोजना (३ मेगावाट) को विद्युत उत्पादनको अनुमतिपत्र (वि.उ.३०) को शर्त ७ (ध) बमोजिम त्यस संस्थाको स्वामित्वको संरचनामा परिवर्तन गर्नु अघि विद्युत विकास विभागबाट पूर्व स्वीकृती लिनुपर्नेमा पूर्व स्वीकृती नलिई अनुमतिपत्रको शर्त उल्लंघन गरेको हुंदा त्यस भैरवकुण्ड जलविद्युत आयोजनाका प्रबर्द्धक भैरवकुण्ड हाइड्रोपावर लि. लगायत सानिमा बैंक लि. तथा ब्राइट पावर कम्पनी प्रा.लि. ले विद्युत ऐन, २०४९को दफा ३८(२) को कसुर गरेकोले सोही दफा बमोजिम कारवाही किन नगर्ने ? कारवाही गर्नु नपर्ने कुनै आधार र कारण भए सो सहितको स्पष्टिकरण १५ दिनको समयावधिभित्र पेश गर्नुहुन विभागको मिति २०८१/४/३२ निर्णयानुसार अनुरोध छ ।

..........................
(दुर्गा नारायण भुसाल)
ईन्जिनियर

बोधार्थः
श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग ।